*नेपाल सरकार (उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूकोस्तर) बाट मिति २०७१।१।९ मा स्वीकृत*

# आवधिक जिल्ला विकास योजना तर्जुमा कार्ययोजना, २०७०

## प्रस्तावना :

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला, नगर र गाउँ आवधिक योजना तर्जुमा गर्ने प्रावधान गरेको छ । सो तर्जुमा गर्ने जिम्मेवारी क्रमशः जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा रहेको छ । तेह्रौ योजना (२०७०।७१-२०७२।७३) को आधारपत्रले आवधिक योजना तर्जुमा कार्यको संक्षिप्त समिक्षा गर्दै आवधिक योजनाका आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा भई कार्यान्वयन हुन जोड दिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ कार्यान्वयनमा आएपछि प्रथम चरणमा ६१ जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा भएको पाइन्छ । दार्चुला, बर्दिया, कालिकोट, मुगु, सल्यान, रोल्पा, बाग्लुङ्ग, रुपन्देहि, स्याङ्गजा, काठमाण्डौ, सिन्धुपाल्चोक, रौतहट सर्लाहि र धनुषा गरी चौध जिल्लाले त्यस समयमा आवधिक जिल्ला विकास योजना तर्जुमा नगरेका वा तर्जुमाको कार्य प्रारम्भ गरेतापनि त्यसलाई सम्पन्न गर्न नसकेको देखिन्छ ।

जिल्ला विकास समितिको अगुवाईमा तर्जुमा हुने आवधिक जिल्ला विकास योजना जिल्लाको सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्ने स्पष्ट दीर्घकालीन सोंच सहितको योजना दस्तावेज हो । यसमा समस्या र समाधानका उपायको पनि सुक्षम विश्लेषण गरिन्छ । योजनाको अभावमा प्रत्येक कार्यको गलत शुरुवात हुन्छ (If no plan, wrong start) भन्ने भनाई छ । तसर्थ स्थानीय निकायहरुको अगुवाईमा जिल्ला, नगर र गाउँको आवधिक योजना तर्जुमा कार्य कानूनतः बाध्यात्मक र व्यवहारतः जनताका आकांक्षा एवं गाउँ, ठाउँ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा विकासका विषयको पहिचान, क्रियाकलाप निर्धारण एवं श्रोत साधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, उत्साह बढाउने, विश्वास दिलाउने र विकास-न्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो ।

विकास प्रदायक निकाय, सेवा ग्राही, सहयोगी र पर्यवेक्षक सहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन्, मूल्यांकन, विश्लेषण, परामर्श र सहमतिमा आवधिक जिल्ला विकास योजना तर्जुमा गरी सरोकारवाला सबैको स्वामित्वयुक्त दस्तावेज तयार गरी स्थानीय तह-जिल्ला , नगरपालिका र गाउँ विकास समिति क्षेत्रमा संचालन हुने सबै प्रकारका विकास कार्यक्रमहरुको सोही योजना दस्तावेजबाट निर्देशित हुने व्यवस्था गर्न आर्थिक वर्ष २०७१।७२ भित्रमा सबै जिल्लामा जिल्ला आवधिक योजना तर्जुमा गरी सक्ने लक्ष्यका साथ यो “आवधिक जिल्ला विकास योजना तर्जुमा कार्ययोजना, २०७०” बनाइएको छ ।

## आवश्यकता :

स्थानीय निकायहरुमा निर्वाचित जन प्रतिनिधिको कार्यकाल २०५९ असार मसान्तमा समाप्त भएको हो । त्यती बेला मुलुक द्वन्द ग्रस्त थियो । २०६३ मंसिरमा भएको विस्तृत शान्ति सम्झौताले मुलुकलाई शान्ति प्रक्रृयामा अघि बढ्न मार्ग प्रसस्त गऱ्यो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । संविधान सभाको निर्वाचन सम्पन्न भयो । जनतामा नयाँ उत्साह पैदा भयो । तर निर्धारित समयमा नयाँ संविधान बन्न सकेन । संविधान सभा विघटन भयो ।

स्थानीय निकायको निर्वाचन अपरिहार्य हुँदा हुँदै पनि त्यो भन्दा प्राथमिकताको विषय दोस्रो संविधान सभाको निर्वाचन हुनु स्वभाविकै थियो जुन २०७० मार्ग ४ गते सम्पन्न भएको छ । यसबाट जनतामा फेरी उत्साह पैदा भएको छ र अब स्थानीय निकायको निर्वाचन हुने विश्वास पनि बढेको छ ।

स्थानीय निकायहरु जनताको मागलाई सम्बोधन गर्ने केन्द्र हुन । विकेन्द्रीकरणको निक्षेपण ढाँचाबाट अभिप्रेरित स्थानीय निकायहरुले सहभागितामूलक पद्धतिबाट नीति र विधि निर्धारण गर्दछन् । पछिल्ला वर्षमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन र विकासलाई मुलुकभर एउटै ढाँचा र शैलीमा कार्यान्वयन गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यान्वयन गरिरहेको छ । नागरिक संस्था (Citizen Institutions) को गठनमा अतुलनीय उपलब्धि हासिल भएको छ । मुलुकभर नगरपालिका र गाउँ विकास समितिका सबै वडाहरुमा वडा नागरिक मञ्च र सबै नगरपालिका र गाविसहरुमा नागरिक सचेतना केन्द्र गठन गरिएका छन् । १० लाख नागरिक यी संस्थामा आवद्धित भएका छन् । उनीहरुको सशक्तीकरण भएको छ । स्थानीय निकायको निर्वाचन सम्पन्न भएको अवस्थामा मुलुकभर गठन गरिएका नागरिक संस्था (वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र) ले निर्वाचित हुने जनप्रतिनिधिलाई अझ बढी जिम्मेवार र उत्तरदायी बन्न उत्प्रेरित गर्ने अपेक्षा गर्न सकिन्छ ।

स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) प्रारम्भ हुँदा स्थानीय निकायको निर्वाचनमा विलम्ब हुने पूर्वानुमान थिएन । समयमै नयाँ संविधान जारी हुने र लगत्तै स्थानीय तहको निर्वाचन हुने अपेक्षा थियो । त्यसैले नागरिक संस्थाहरुको गठनले राजनीतिक दललाई सुशासन र विकास प्रति जिम्मेवार बन्न घचघचाउने विश्वास गरिएको थियो । तर स्थानीय निकायको निर्वाचन अनिश्चित बन्दै जानु र स्थानीय राजनैतिक दलहरुको भूमिका खुम्चदै गएको अवस्थामा स्थानीय तहको सुशासनमा सरकारी पदाधिकारी, राजनीतिक दल र नागरिक संस्था वीचको अन्तरसम्बन्धलाई सम्बादको माध्यमबाट परस्पर सहयोगी, विश्वासीलो र सहकार्यमा एक जुट हुने गरी विकासमैत्री वातावरण निर्माण गर्नमा समेत आवधिक जिल्ला विकास योजना तर्जुमा कार्य एउटा उत्तम अवसर हुने विश्वास गरिएको छ ।

## उद्देश्य :

आवधिक जिल्ला विकास योजना तर्जुमाको उद्देश्य देहाय बमोजिम रहेको छ ।

- दीर्घकालीन सोंच (Vision) र उद्देश्य (Goal) अनुरुप आवधिक विकास योजना तर्जुमा गरी त्यसैबाट निर्देशित वार्षिक कार्यक्रम तर्जुमा गर्न उत्प्रेरणा जगाउन ।

- आर्थिक वृद्धि र सामाजिक रुपान्तरणलाई आधार बनाई नतिजामा आधारित वार्षिक कार्यक्रम र बजेट तर्जुमालाई निर्देशन गर्न ।
- सेवा सुविधालाई सर्व सुलभ, गुणस्तरीय र विश्वसनीय बनाउन ।
- बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासनलाई योजना प्रकृयामा समाहित गरी सुनौलो भविष्य निर्माण गर्न ।
- समावेशी सहभागिता प्रवर्द्धन गर्न ।
- राजनीतिक दल लगायत सबै सरोकारवालालाई सहभागी गराई सम्वादका माध्यमबाट विकासमैत्री वातावरणको निर्माण र विकास सम्बन्धी सोंचमा समझदारी, खोजमा सहकार्य र छनोटमा सहमति कायम गरी विकासमा नयाँ लहर पैदा गर्न ।
- वार्षिक विकास कार्यक्रम तथा बजेटलाई दीर्घकालीन सोंचबाट अभिप्ररित भई तर्जुमा हुने परिपाटी बसाउन ।
- आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा आयोजनाहुने अनुशिक्षण र परामर्श गोष्ठीका माध्यमबाट जनतालाई विकास गतिविधि बारे जानकार हुने अवसर प्रदान गर्न र उनीहरुको आवश्यकताको सम्बोधन हुने तरिका बारे आश्वस्त पार्न ।
- विकास प्रदायक निकायहरुलाई जनताप्रति जिम्मेवारी र जवाफदेही बनाउन ।
- विकास प्रकृयामा नेतृत्व, स्वामित्व र सहयोगी भूमिका बारे स्पष्ट कार्य क्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्न ।
- स्थानीय सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न अवरोध (Bottleneck) को पहिचान, समाधानको किटान र श्रोत साधनको विनियोजनलाई मार्ग निर्देश गर्न ।
- स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकता वीच तालमेल कायम गर्न ।
- सबै विकास प्रदायक निकायले आवधिक जिल्ला विकास योजनालाई शिरोधार गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गरी स्थानीयस्तरमा विकास कार्य गर्ने अवस्था सृजना गर्न ।

## आवधिक जिल्ला विकास योजना तर्जुमाको लागत अनुमान :

स्थानीय तहमा सबै सरोकारवालाको सहभागितामा अनुशिक्षण (Orientation), परामर्श (Consultation) र सहमति (Consensus) को प्रकृयाबाट गा.वि.स तथा नगरपालिकालाई समूहमा आवद्ध गरी सबैको सहभागिता हुने गरी पायकपर्ने ठाँउमा बैठक मेला आयोजना गरी तर्जुमा गर्ने एवं जिल्लामा सूचना संकलन, प्रशोधन र विश्लेषण, जिल्लाको आवश्यकता र सम्भावनाको मूल्यांकन एवं सम्वृद्धिको दिर्घकालीन सोंच सहितको आवधिक जिल्ला विकास योजनाको विकास खाँका तयार पार्ने र केन्द्रस्तरमा राष्ट्रिय योजना (तेह्रौ योजना) र विभिन्न विधाका विषयगत योजनासँग तालमेल मिलाउन सरोकारवालासँग संयुक्त कार्यशालाको

आयोजना गरी खाँका प्रस्तुति र पृष्टपोषण प्राप्त समेतका लागि प्राविधिक कार्य गर्नु पर्ने भएकाले परामर्शदाता संस्थाको सेवा उपयोग, श्रोत व्यक्ति (Resource Team) परिचालन, योजना समूहको गठन र क्रियाशिलता तथा सम्पूर्ण प्रकृयामा आवश्यकता अनुसार सहभागिहरुलाई सहभागिता भएको दिनको परिवहन र खाने-बस्ने प्रवन्ध समेतका लागि जिल्लाको सुगम दुर्गमका आधारमा रु ३० देखि ४० लाख सम्म खर्च लाग्ने अनुमान गरिएको छ ।

## श्रोत व्यवस्था :

आवधिक जिल्ला विकास योजनाको आवश्यकतालई सबै जिल्ला विकास समितिले महसुष गरेको अवस्था छ । जिल्ला अवाधिक योजना तर्जुमा गर्न जिल्ला विकास समितिले आफ्नो श्रोतबाट रकम छुट्टाउन सक्ने वातावरण छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट र विकास साझेदारहरु UNICEF UNFPA, SDC ले प्रत्यक्षरुपमा लगानी गरेर ७५ वटै जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा गर्न श्रोतको व्यवस्था गरिएको छ ।

## केन्द्रीय समन्वय संयन्त्रको गठन र जिम्मेवारी :

आवधिक जिल्ला विकास योजनालाई जिल्ला विकास समितिको योजनाको रुपमा बुझ्ने र सोही अनुरुप त्यसको प्रयोग गर्ने हालसम्मको मानसिकता छ । अव यसलाई जिल्लाको योजनाको रुपमा बुझ्ने मानसिकता स्थापित गर्न आवश्यक छ । यस सिलसिलामा जिल्लामा कार्यालय भएका सबै विषयगत मन्त्रालय/विभागहरुलाई आवधिक जिल्ला विकास योजनाको महत्व बुझाउने, तर्जुमा प्रकृयामा जिल्ला स्थित कार्यालयको सहभागिता सुनिश्चित गर्ने, जिल्ला जाने केन्द्रीय टोलीमा सहभागी हुने, केन्दको आयोजनामा हुने छलफल अन्तरक्रियामा सम्मिलित हुने र आवधिक जिल्ला विकास योजनाबाट निर्देशित भएर विषयगत वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने परिपाटी समेत बसाउन देहायको समन्वय संयन्त्रको गठन र कार्य-जिम्मेवारी (ToR) निर्धारण गरिएको छ ।

क) संस्थागत व्यवस्था र कार्य-जिम्मेवारी

**१. आवधिक जिल्ला विकास योजना तर्जुमा केन्द्रीय समन्वय समिति**

- सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय- अध्यक्ष
- सहसचिव- योजना तथा वै.स.स.महाशाखा, सङ्घीय मामिला तथा स्था.वि.म.- सदस्य
- सहसचिव-स्वायत्त शासन व्यवस्था महाशाखा, सङ्घीय मामिला तथा स्था.वि.म.- सदस्य
- सहसचिव-नगरपालिका व्यवस्था महाशाखा, सङ्घीय मामिला तथा स्था.वि.म.- सदस्य
- सहसचिव-(स्थानीय विकास), राष्ट्रिय योजना अयोग- सदस्य
- सहसचिव- (योजना), कृषि विकास मन्त्रालय- सदस्य

- सहसचिव- (योजना), शिक्षा मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), शहरी विकास मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), वन तथा भू संरक्षण मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), उद्योग मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), सिंचाई मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), उर्जा मन्त्रालय- सदस्य
- सहसचिव- (योजना), विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय- सदस्य
- सहसचिव- (योजना),महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय- सदस्य
- सहसचिव- (योजना) युवा तथा खेलकुद मन्त्रालय- सदस्य
- सहसचिव- (योजना) श्रम तथा रोजगार मन्त्रालय- सदस्य
- उपमहानिर्देशक (योजना) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग- सदस्य
- LGCDP Output 7 Group मा रहेका विकास साझेदार मध्येबाट १ जना- सदस्य
- उपसचिव- योजना शाखा.सङ्घीय मामिला तथा स्था.वि.म.- सदस्य सचिव

## २. कार्य जिम्मेवारी

- राष्ट्रिय स्तरका आवधिक योजना (तेह्रौ योजना) र विषयगत योजना तथा रणनीति योजनाका मुख्य मुख्य विषयवस्तु आवधिक जिल्ला विकास योजनामा प्रतिविम्वित हुने गरी पहिचान गर्ने र तीनलाई समावेश गर्न निर्देशन दिने ।
- आवधिक जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा सहभागी हुने र सहयोग पुऱ्याउन मातहतका निकायलाई निर्देशन दिने ।
- आवधिक जिल्ला विकास योजना तर्जुमा प्रकृयाको अनुगमन गर्ने र गुणस्तरीय बनाउन सहयोग, सुझाव र पृष्टपोषण दिने ।

- जिल्लास्तरीय साझेदार/सरोकार सबैको समावेशी सहभागिताहुने गरी जिल्ला अवधिक योजना तर्जुमा कार्यलाई सहजीकरण गर्न केन्द्रमा Resource Team गठन गरी आवश्यकता अनुसार एकल वा समूहगत रुपमा परिचालन गर्ने ।

- केन्द्रमा आयोजना हुने Harmonization Workshop मा सहभागि भई आवधिक जिल्ला विकास योजनालाई साझा सम्पत्तीको रुपमा स्वामित्व ग्रहण गर्ने ।

- आवधिक जिल्ला विकास योजना अनुरुप वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न मातहतका निकायहरुलाई स्पष्ट निर्देशन दिने ।

- जिल्लास्तरीय वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा कार्यतालिकालाई स्थानीय निकायको १४ तहको सहभागितामूलक योजना तर्जुमा समय तालीकासँग आवद्ध गरी उक्त प्रकृयामा सबै जिल्लास्तरीय निकायले सहभागी हुने व्यवस्था गर्ने ।

- यस कार्ययोजनाको संशोधन वा समय तालिका हेरफेर गर्ने ।

## बजेट व्यवस्थापन :

आवधिक जिल्ला विकास योजना तर्जुमाका लागि विकास साझेदार निकायको अगुवाईमा श्रोत जुटाउने वा सम्बन्धित जिल्ला विकास समिति स्वयंले श्रोत जुटाउने वा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट बजेट उपलब्ध गराउने गरी एकल वा बहु श्रोत उपयोग गरी अवाधिक जिल्ला विकास योजना तर्जुमा गर्ने व्यवस्था गरिने छ ।

- ➢ विकास साझेदार निकायबाट श्रोत उपलब्ध हुने जिल्लाको हकमा आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा प्राविधिक परामर्शको लागि नियुक्त हुने संस्थाको व्यय भार र अन्य सम्पूर्ण खर्च सम्बन्धित जिल्ला विकास समिति र सहयोगी विकास साझेदार निकाय विचको समझदारीका आधारमा तय गरिएको तरिका बमोजिम गर्ने ।

- ➢ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट श्रोत उपलब्ध हुने जिल्लाको हकमा जिल्ला विकास समितिले परामर्शदाताको र अन्य कार्यको सम्पूर्ण खर्च व्यवस्थापन स्वयंले गर्ने ।

## परामर्श दाताको छनोट :

विकास साझेदार निकायले श्रोत जुटाउने गरी छनोट भएका जिल्लामा सम्बन्धित विकास साझेदार निकायले अवलम्बन गरेको तरिकाबाट परामर्शदाताको छनोट हुनेछ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट श्रोत उपलब्ध गराउने जिल्लाको हकमा सम्बन्धित जिविसले प्रचलित खरिद कानून बमोजिम परामर्शदाताको छनोट गर्नुपर्ने छ ।

## निकायगत विशिष्ट जिम्मेवारी

**क) राष्ट्रिय योजना आयोग :**

- प्रत्येक जिल्लामा जिल्ला विकास समितिको अगुवाइमा आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउन केन्द्रीयस्तरमा अन्तरनिकाय समन्वय गर्ने ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवधिक जिल्ला विकास योजना कार्यविधि तर्जुमा गर्दा आवश्यक सुझाव दिने तथा स्वीकृतिको लागि सहमति प्रदान गर्ने ।

**ख) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय :**

- आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यविधि तयार पारी त्यसमा राष्ट्रिय योजना आयोगको सहमति लिई स्वीकृत गर्ने र सबै जिल्लामा अनुशिक्षण प्रदान गरी त्यसको प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- आवधिक जिल्ला विकास योजना तर्जुमाका लागि कार्यविवरण (TOR) स्वीकृत गरी सोही बमोजिम सबै जिविसबाट तर्जुमा हुने व्यवस्था गर्ने ।
- आ.ब. २०७१।७२ सम्ममा सबै जिल्लामा आवधिक योजना तर्जुमा गरी सक्ने ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) का दातृ निकायहरुको सहयोग जुटाई आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यलाई सम्पन्न गर्ने ।
- आवधिक जिल्ला विकास योजनाको गुणस्तर कायम गर्न Quality Cell गठन गर्ने ।
- जिल्लाले तयार गरेको आवधिक जिल्ला विकास योजनालाई सम्बन्धित परिषद्बाट स्वीकृत गर्नु अगाडी मन्त्रालयबाट Peer-review गरेर सहमति प्रदान गर्ने ।

**ग) विषयगत मन्त्रालय :**

- जिल्लास्तरमा जिल्ला विकास समितिको अगुवाईमा तर्जुमा हुने आवधिक जिल्ला विकास योजनाका लागि आ-आफ्नो विषय क्षेत्रको सूचना उपलब्ध गराउने र क्षेत्रगत लक्ष्य र उद्देश्य सहित आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यमा सहयोग पुऱ्याउन मातहतका निकायलाई निर्देशन दिने ।
- आवधिक जिल्ला विकास योजनाको मुल खाका भित्र रही नतिजामा आधारित वार्षिक जिल्ला विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्न  मातहतका निकायलाई निर्देशन दिने ।
- आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यमा सहयोग पुऱ्याउन श्रोत व्यक्ति खटाउने ।

**घ) जिल्ला विकास समिति :**

- आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यको अगुवाई गर्ने ।

- आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यलाई वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी बजेट विनियोजन गर्ने ।

- आवधिक जिल्ला विकास योजनाको खाका भित्र रही नतिजामा आधारित वार्षिक योजना तर्जुमा कार्यको अगुवाई गर्ने ।

- जिल्लामा कार्यरत सरकारी र गैर सरकारी निकायको सहभागिता हुने गरी योजना तर्जुमा निर्देशन समिति तथा सहयोग समूह/उपसमूह बनाई प्राविधिक परामर्श दातासँग सहकार्य गरी आवधिक जिल्ला विकास योजनालाई समावेशी र गुणस्तरीय रुपमा तर्जुमा गर्न अगुवाई गर्ने ।

- चरणबद्ध रुपमा आयोजना हुने अनुशिक्षण (Orientation), परामर्श (Consultation) र सहमति (Consensus) प्रकृयामा राजनीति दल लगायत सरोकारवाल सबैको सहभागिता जुटाउने ।

- केन्द्रस्तरमा गठन भएको समन्वय समितिको निर्देशन, सुझाव वा पृष्टपोषणलाई यथा प्रसङ्ग पालना वा सम्बोधन गर्ने ।

- आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा विषयगत सूचना, तथ्यांक, जानकारी संकलन कार्यमा अुगवाई  गरी प्रावधिक परामर्शदातालाई सहयोग पुर्‍याउने ।

- आवधिक जिल्ला विकास योजना तर्जुमा प्रकृया सँगसगैं यसका विषयवस्तु बारे जानकार हुँदै स्वामित्व ग्रहण गर्दै जाने गरी समय तालिका बनाई जिल्लाका सबै सरकारी तथा गैरसरकारी विकास प्रदायक निकाय साझेदार र सरोकारवालासँग सुझाव तथा पृष्टपोषण  लिने व्यवस्था मिलाउने ।

- “दलसँग जनता”  (People with the party)" को मर्म प्रति सजग भई प्रारम्भ देखि राजनीतिदलले स्वामित्व बोध गर्ने व्यवस्था गर्ने ।

- संचारसँग विश्वास (Trust with media) को मार्ग अनुरुप संचार क्षेत्रले राम्रो काम हुँदैछ भनी महत्व फैलाउने वातावरण सृजना गर्न ध्यान दिने ।

- समय सीमा सहितको आवधिक जिल्ला विकास योजना तर्जुमा क्रियाकलाप निर्धारण गरी सो अनुरुप व्यवस्थापन गर्ने । यस कार्यमा प्राविधिक परामर्शदाताको सहयोग उपयोग गर्ने ।

- जिल्ला आवधिक योजना तर्जुमा प्रकृयाका हरेक चरणमा महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति र पछाडि परेका वर्गहरु (दलित, जनजाति, मधेशी, मुस्लिम) को सक्रिय सहभागिताको सुनिश्चित गर्ने र योजनामा उनीहरुको सुझाव समावेश गर्ने ।

**ङ) विषयगत सरकारी कार्यालय :**

- जिल्ला विकास समितिको अगुवाईमा हुने आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यमा सूचना, तथ्यांक विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने ।
- आवधिक जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा आफ्नो विषय क्षेत्रसँग सम्बन्धित समितिको अगुवाई तर्जुमा हुने सोंच तालिका (Log Frame) मा आधारित उद्देश्य, प्रतिफल निर्धारणमा प्रक्रियामा प्रमुख भुमिका निर्वाह गर्ने ।
- आवधिक जिल्ला विकास योजना बमोजिम नतिजामा आधारित वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।
- आफ्नो विषय क्षेत्रमा कार्यरत अन्य सरकारी तथा गैर सरकारी निकायहरुले सम्पादन गरि रहेका विकास कार्यक्रमहरुको सूचना समन्वय गर्ने ।

**च) अन्तराष्ट्रिय दातृ निकाय :**

- जिल्ला विकास समितिको अगुवाईमा संचालन हुने आवधिक योजना तर्जुमा कार्यमा प्राविधिक तथा वित्तिय सहयोग उपलब्ध गराउने ।
- आवधिक जिल्ला विकास योजना बमोजिम नतिजामा आधारित वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्न क्षमता विकास कार्यमा सहयोग पुऱ्याउने ।

**छ) गैर सरकारी संस्था तथा अन्य विकास प्रदायक निकाय :**

- आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यमा सक्रिय सहभागित भई सहयोग पुऱ्याउने ।
- आवधिक जिल्ला विकास योजना बमोजिम नतिजामा आधारित वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी जिल्ला विकास समिति र सम्बन्धित विषयमा कार्यालयको समन्वयमा कार्यान्वयन गर्ने । यस क्रममा तर्जुमाको चरणमा जिल्ला विकास समितिको योजना प्रक्रियामा सहभागी भई र कार्यान्वयनको चरणमा सम्बन्धित विषयगत सरकारी निकाय र जिल्ला विकास समितिसँग सूचना समन्वय गरी कार्यान्वयन गर्ने ।

## हाल आवधिक जिल्ला विकास योजना वहाल रहेको जिल्लाहरु :

क) देहायको जिल्लामा देहाय बमोजिमको अवधिसम्म बहाल रहने गरी आवधिक जिल्ला विकास योजना वहाल रहेको पाइन्छ ।

| सि.नं. | जिल्ला | अवधि |
|---|---|---|
| ○ | कास्की | २०७०।७१ |
| ○ | मनाङ्ग | २०७०।७१ |
| ○ | बाँके | २०७१।७२ |
| ○ | मकवानपुर | २०७१।७२ |
| ○ | सोलुखुम्बु | २०७४।७५ |
| ○ | ताप्लेजुङ्ग | २०७१।७२ |
| ○ | खोटाङ्ग | २०७२।७३ |
| ○ | ओखलढुंगा | २०७२।७३ |
| ○ | रामेछाप | २०७३।७४ |

## आ.ब. २०७०।७१ मा आवधिक जिल्ला विकास योजना तर्जुमा प्रारम्भ गर्ने जिल्लाहरु र श्रोतको मुख्य जिम्मेवार निकाय :

| UNICEF (OBOT) | UNFPA (OBOT) | SDC (Direct) | LGCDP (JFA) |
|---|---|---|---|
| बैतडी, बझाङ्ग, बाजुरा, डोटी, अछाम, हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, पर्सा, **रौतहट,** धनुषा, महोत्तरी, र सप्तरी (१५) | डडेलधुरा, रुकुम, रोल्पा, प्युठान, **दाङ्ग,** अर्घाखाँची, कपिलवस्तु, सिन्धुली, सर्लाही, उदयपुर र सुनसरी (११) | दैलेख र जाजरकोट (२) | दार्चुला, कञ्चनपुर, सर्खेत, सल्यान, रुपन्देही, नवलपरासी, गुल्मी, पाल्पा, स्याङजा, तनहुँ, लम्जुङ्ग, गोरखा, म्याग्दी, बाग्लुङ्ग, पर्वत, काठमाण्डौं, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ्ग, चितवन, बारा, दोलखा, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ्ग, झापा, सिराहा, काभ्रेपलान्चोक, मुस्ताङ्ग, बर्दिया र कैलाली (३८) |

*नोट : रौतहट र दाङ्गको अद्यावधिक गर्ने कार्य मात्र हुनेछ ।*

## आ.ब. २०७१।७२ मा प्रारम्भ गर्ने जिल्ला :

हाल आवधिक जिल्ला विकास योजना वहाल रहेका तर आगामी आ.ब.मा कार्य प्रारम्भ गर्नु पर्ने जिल्लाहरु देहाय बमोजिम छन् :

कास्की, मनाङ्ग, बाँके, मकवानपुर, ताप्लेजुङ्ग ।

## कार्ययोजना कार्यान्वयन इकाई :

आवधिक जिल्ला विकास योजना कार्ययोजनाको कार्यान्वयन गर्ने जिम्मेवार इकाईको रुपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, योजना शाखाले कार्य गर्नेछ । यसको कार्य जिम्मेवारी देहाय बमोजिम निर्धारण गरिएको छ ।

- आवधिक जिल्ला विकास योजना तर्जुमा सम्बन्धी विवरण अद्यावधिक गर्ने ।
- सम्बन्धित जिल्ला विकास समितिसँग सम्पर्क गरी सो जिल्ला विकास समितिले उक्त जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा गर्न छुट्टाएको स्रोत र समय सीमा एकिन गरी थप स्रोतका लागि सम्भाव्य दातासँग वार्ता गरी सहयोग जुटाउने वा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट श्रोत उपलब्ध गराउने काममा समन्वय गर्ने र कार्य थालनी हुने वातावरण मिलाउने ।
- सम्भाव्य स्रोत प्रदायक दाताहरुसँग निरन्तर संवाद गर्ने ।
- जिल्लामा नियुक्त हुने परामर्श दाता वा विभिन्न केन्द्रीयस्तरका श्रोत व्यक्तिका लागि Master Power Point बनाई त्यसको TOT प्रदान गर्ने ।
- स्रोत व्यक्तिको खटन पटन व्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार समन्वयात्मक कार्य गर्ने ।
- केन्द्रीय समन्वय समितिको सचिवालय भै कार्य सम्पादन गर्ने र समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने ।

## कार्य योजनाको अवधि :

यस आवधिक जिल्ला विकास योजना तर्जुमा कार्य योजनाको अवधि २०७० श्रावण देखी प्रारम्भ भई २०७२ असारसम्म हुनेछ ।